नेपाल सरकार
राष्ट्रिय सूचना आयोग
२०६५

**राष्ट्रिय सूचना आयोगको पाँचौं वार्षिक प्रतिवेदन माननीय कार्यवाहक प्रधानमन्त्रीज्यू समक्ष पेश भएको अवसरमा जारी**

# प्रेस विज्ञप्ती

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २५ अनुसार आयोगले प्रत्येक वर्ष आफुले गरेका काम कारवाहीको वार्षिक प्रतिवेदन प्रधानमन्त्री मार्फत् व्यवस्थापिका संसदमा प्रस्तुत गर्ने व्यवस्था अनुसार राष्ट्रिय सूचना आयोगका सचिव श्रीराम पन्तले आ.व. २०६९/०७० को वार्षिक प्रतिवेदन मन्त्रिपरिषद्का सम्माननीय कार्यवाहक प्रधानमन्त्रीज्यू समक्ष मिति २०७१ आषाढ १७ गते पेश गर्नु भएको छ । प्रतिवेदनमा आयोगले २०६९ श्रावण देखि २०७० आषाढसम्म सम्पादन गरेका काम कारवाही र गतिविधिहरु समेटिएको छ । उक्त प्रतिवेदन www.nic.gov.np मा हेर्न सकिनेछ ।

आयोगमा आ.व. २०६९।०७० मा २६० वटा निवेदन, उजुरी तथा पुनरावेदन परेका थिए । जसमध्ये १९९ वटा अर्थात् ७६.५% फछ्र्यौट भई ६१ वटा आगामी आ.व. २०७०।०७१ मा जिम्मेवारी सर्न गएका छन् । क्षेत्रगत निवेदन, उजुरी तथा पुनरावेदन हेर्दा शिक्षा क्षेत्रमा ७८ वटा, अर्थ तथा वित्तियमा ३० वटा, न्यायमा १४ वटा, स्थानीय निकायमा ५० वटा, प्रशासन र सुरक्षामा ३९ वटा, स्वास्थ्यमा १६ वटा, सूचना तथा संचारमा ७ वटा, उद्योग वाणिज्य तथा आपूर्तिमा ४ वटा तथा अन्यमा २२ वटा निवेदन, उजुरी तथा पुनरावेदन परेका देखिन्छन् । त्यसैगरी यस वर्षमा परेका २६० निवेदन, उजुरी तथा पुनरावेदन मध्ये १७७ वटा अर्थात ६८.०७६% सार्वजनिक सरोकार सम्बन्धी र ८३ वटा अर्थात ३१.९२% व्यक्तिगत सरोकारसंग सम्बन्धित रहेका छन् । त्यस्तै विगत ६ वर्षको अवधिमा सूचना दिन इन्कार गर्ने १८ जना सार्वजनिक निकायका पदाधिकारीलाई जरिवाना गरिएको छ भने २३ जना पदाधिकारीले आयोगबाट भएको निर्णय वा आदेश विरुद्ध पुनरावेदन अदालत तथा सर्वोच्च अदालतमा पुनरावेदन तथा रिट निवेदन दिएको जानकारी आयोगमा प्राप्त भएको छ ।

निवेदन, उजुरी र पुनरावेदनको संख्यामा प्रत्येक वर्ष वृद्धि हुंदै गएको देखिन्छ । आ.व. २०६५।०६६ मा १२ वटा, आ.व. २०६६।०६७ मा ३९ वटा, आ.व. २०६७।०६८ मा ४७ वटा, आ.व. २०६८।०६९ मा १३६ र २०६९।०७० मा २६० वटा निवेदन, उजुरी र पुनरावेदन परेका छन् भने २०७०।०७१ वैशाख मसान्तसम्म यो संख्या २९० वटा पुगेको छ ।

यस अवधिमा सूचना प्रवाह गर्न इन्कार गर्ने कतिपय सार्वजनिक निकायलाई सूचना प्रवाह गर्न आदेश जारी गरिएको छ । यसै सन्र्दभमा सम्पत्ति न्यायिक जाँचबुझ आयोगको प्रतिवेदनको सार्वजनिकरण सम्बन्धमा, नेपाल संस्कृत विश्वविद्यालयको परीक्षा उत्तरपुस्तिका प्रतिलिपि उपलब्ध गराउने सम्बन्धमा, त्रि.वि.सेवा आयोगको आन्तरिक प्रतियोगिताको परीक्षाको प्राप्तांक उपलब्ध गराउने सम्बन्धमा, वैदेशिक सहायता प्राप्त आयोजनाहरु एवं बैदेशिक सहयोग सम्बन्धी जानकारी सार्वजनिकिकरण गर्ने आदि सार्वजनिक महत्वका विषयमा आयोगले निर्णय गरेको छ ।

नेपाल सरकार
राष्ट्रिय सूचना आयोग
२०६५

सूचनाको हक कार्यान्वयनमा प्रभावकारिता ल्याउन र जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले आयोगले विभिन्न प्रवर्द्धनात्मक कार्यक्रम संचालन गर्दै आएको छ । जस अन्तर्गत यस आ.व. मा आयोगले १५ जिल्लाका कार्यालय प्रमुख, सूचना अधिकारी, विभिन्न गैर सरकारी संघ संस्था, पत्रकार, कानून व्यवसायी, नागरिक समाजका गरी ७९४ जनासंग अन्तरक्रिया र ५ जिल्लाका १७३ जना सूचना अधिकारीका लागि अभिमुखिकरण कार्यक्रम संचालन गरेको थियो । साथै, आयोगले केन्द्रस्तरका ४३ वटा विभाग र १९ जिल्लाका ३०० वटा सार्वजनिक निकायको अनुगमन सम्पन्न गरेको छ ।

आयोगको पञ्चवर्षीय रणनीतिक योजना अन्तर्गत DFID/ESP को सहयोगमा एकवर्षीय कार्य योजना कार्यान्वयन भैसकेको छ । जस अन्तर्गत पाँच विकास क्षेत्रका मोरङ्ग, पर्सा, कास्की, बाँके तथा डडेल्धुरा जिल्लामा विभिन्न ६ मन्त्रालयका जिल्लास्थित २९ वटा कार्यालयमा Online प्रणालीबाट सूचना माग गर्न सक्ने, सूचना दिएको वा दिन इन्कार गरेको विषयमा आयोगबाट समेत अनुगमन गर्न सक्ने गरी MIS (Management Information System) स्थापना गरेको छ । यसै गरी काठमाडौं उपत्यकाका नगरपालिकाका १२२ जना र MIS स्थापना गरिएका जिल्लाका ३४८ गा.वि.स. सचिवहरुलाई सूचनाको हकसम्बन्धी विषयमा प्रशिक्षण गरिएको थियो । त्यस्तै सूचनाको हकसम्बन्धी कानुनसंग बाझिएका ऐन कानुनहरुको पुनरावलोकन गरी संसोधन प्रस्ताव तयार गरिएको, माध्यमिक विद्यालय तथा उच्च माध्यामिक विद्यालय तहको पाठ्यक्रममा सूचनाको हकसम्बन्धी विषय समावेश गर्न पाठ्यक्रम निर्माण गरी शिक्षा मन्त्रालय तथा सम्बन्धित अन्य निकायमा पठाइ सकिएको, नेपाल सरकारका विभिन्न तालिम केन्द्रहरुले संचालन गर्ने सेवा प्रवेश तथा सेवाकालिन तालिमको पाठ्यक्रममा सूचनाको हकसम्बन्धी विषय समावेश गर्ने उद्देश्यले पाठ्यक्रम निर्माण गरिएको छ । साथै, गैर सरकारी संघसंस्थाहरुसंग सहकार्य गर्ने तथा सहयोग पुऱ्याउने कार्य पनि गर्दै आएको छ । यसबाट सूचनाको हकसम्बन्धी कानूनको कार्यान्वयनका लागि माग तथा आपूर्ति दुवै पक्ष सशक्त हुने विश्वास लिइएको छ ।

आयोगले आफ्नो सिमित श्रोत साधनले भ्याएसम्म विभिन्न जनचेतनामूलक कार्यहरु गर्दै आएको छ । सरोकारवालाहरुलाई रेडियो, टेलिभिजन, पत्रपत्रिका तथा NGO, INGO's को सहकार्यमा गरेका प्रर्वद्धनात्मक कार्यक्रमले समाजमा क्रमिक रुपमा सूचनाको हक सम्बन्धमा जनचेतनाको स्तर बढ्दै गएको छ । तापनि अझै पनि सबै सार्वजनिक निकायहरुले सूचना अधिकारी तोकि नसक्नु, तोकिएका निकायहरुले पनि सूचना अधिकारी देखिने गरी वोर्ड नराख्नु, नागरिक बडापत्रमा सूचना माग गर्ने प्रक्रिया नराख्नु, सूचनाको हक सम्बन्धी ऐनको दफा ५(३) अनुसार प्रत्येक तीन तीन महिनामा प्रकाशन गर्नु पर्ने सूचना प्रकाशन नगरेको कुरा आयोगले गरेको अनुगमन प्रतिवेदनहरुले देखाएको छ । सूचना माग गर्ने प्रवृत्तिमा बृद्धि भएको देखिएपनि माग अनुसार सरल र सहज ढंगबाट सूचना दिने वा प्रवाह गर्ने कार्य अझै पनि प्रभावकारी भइ नसकेको तथ्य त एकातिर छदैंछ भने अर्कोतिर नागरिकमा पनि लिखित रुपमा सूचना माग गर्ने संस्कारको उल्लेख्य विकास भइनसकेको कुरा मननयोग्य रहेको कुरा आयोगले महसुस गरेको छ । यसले गर्दा ऐनको कार्यान्वयनमा आशातित प्रगति प्राप्त गर्न अझ समय लाग्ने देखिन गएको छ ।

नेपाल सरकार
राष्ट्रिय सूचना आयोग
२०६५

सूचनाको हकको कार्यान्वयनबाट सार्वजनिक निकायले सेवा प्रवाहमा प्रभावकारिता ल्याउनुको साथै खुलापन र पारदर्शिता कायम गर्न सकेमा अनियमितता, ढिलासुस्ती रोक्ने र भ्रष्टाचार नियन्त्रण गर्न पनि सघाउ पुऱ्याउने तथ्य निर्विवाद रहेको छ ।

उक्त वार्षिक प्रतिवेदनमा आयोगले सूचनाको हकको कार्यान्वयनका लागि सूचनाको पहुँच भएको व्यक्तिलाई सूचना अधिकारी तोकिनु पर्ने, सार्वजनिक निकायले स्वःस्फूर्त रुपमा सूचना सार्वजनिक गर्नु पर्ने, अभिलेख व्यबस्थापन सुदृढ गर्नु पर्ने, सूचना दाताको संरक्षण सम्बन्धी कानून निर्माण गर्नु पर्ने, नेपाल सरकारबाट स्थापना भएको एकिकृत Portal बाट सूचना प्रवाह गर्ने, महत्वपूर्ण तथा संवेदनशील सूचनाको संरक्षण गर्ने जस्ता महत्वपूर्ण सुझावहरु समावेश गरिएको छ ।

सूचनाको हकसम्बन्धी ऐन नियमको प्रभावकारी कार्यान्वयनबाट पारदर्शिता, जवाफदेहीता, जिम्मेवारी तथा उत्तरदायित्व पनि सुनिश्चित हुने पक्ष त एकातिर छदैंछ भने अर्कोतिर यसबाट मात्रै राज्यका काम कारवाही लोकतान्त्रिक पद्धति अनुरुप खुला र पारदर्शी भइ राज्यलाई यसका नागरिकप्रति जवाफदेही र जिम्मेवारी बनाउन, सार्वजनिक निकायमा रहेका सार्वजनिक महत्वको सूचनामा आम नागरिकको पहुँचलाई सरल र सहज वनाउन, राज्य र नागरिकको हितमा प्रतिकुल असर पार्ने संवेदनशील सूचनाको संरक्षण गर्न र नागरिकको सुसूचित हुने हकलाई संरक्षण हुने भन्ने कुरामा आयोग विश्वास गर्दछ । तसर्थ सुशासनका लागि सूचनाको हक कार्यान्वयनमा सरकार, नागरिक समाज, नागरिक, संचार माध्यम, सूचनाको हकका अभियन्ताहरु र सम्पूर्ण सरोकारवालाहरुको अझ बढी सक्रिय सहभागिता रहोस् भन्ने आयोगले अपेक्षा गरेको छ ।

सूचनाको हकको कार्यान्वयनमा अविरल र अविचलित ढंगबाट लाग्नु हुने सम्पूर्ण नेपाली नागरिक, सूचना अधिकारी, कार्यालय प्रमुख, संचार माध्यम, पत्रकारवर्ग, सूचनाको हकका अभियन्ताहरु, गैरसरकारी संघसंस्था लगायत सम्पूर्ण महानुभावहरुमा यहाँहरुले देखाउनु भएको सद्भावना, सहयोग र सक्रियता लागि आयोग हार्दिक धन्यवाद तथा कृतज्ञता व्यक्त गर्दै आगामी दिनहरुमा समेत सम्बद्ध सबैबाट अझ बढी सहयोग प्राप्त हुनेछ भन्ने आशा एवं विश्वास गर्दछ ।

धन्यवाद ।

२०७०।३।१७
नेपाल सरकार,
राष्ट्रिय सूचना आयोग
पेरीसडाँडा, कोटेश्वर, काठमाण्डौ ।